धनगढी उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
फोन नं.:- ०९१-५२६७२९
Email.: info@dhangadhimun.gov.np
website : dhangadhimun.gov.np

प.सं.:-०७९/०८०
च.नं.:-२०२

मिति:-२०७९/०९/१९

## आधारभूत तह (कक्षा ८) परीक्षाका लागि आवेदन फाराम भर्ने भराउने सम्बन्धी सूचना

प्रस्तुत विषयमा धनगढी उप–महानगरपालिका अन्तर्गत नियमानुसार अनुमती पाई सञ्चालनमा रहेका सामुदायिक र संस्थागत विद्यालयमा कक्षा ८ मा अध्ययन गरी शैक्षिक सत्र २०७९ सालमा सञ्चालन गरिने आधारभूत तह (कक्षा ८) को वार्षिक परीक्षामा सहभागी हुने नियमित परीक्षार्थीहरुको आवेदन फाराममा तपशिल बमोजिम तोकिएको विवरण भरी बुझाउन हुन यो सूचना प्रकाशन गरिएको छ।

नरेन्द्र बहादुर खाती
उपसचिव

**तपशिलः**

१. परीक्षाको आवेदन फाराम मिति २०७९ पौष २१ गते देखि शिक्षा, युवा तथा खेलकुद महाशाखाबाट निःशुल्क वितरण गरिने छ।

२. विद्यालयहरुले महाशाखाबाट बुझिलिएको फाराम तत्काल परीक्षार्थीहरुलाई निःशुल्क उपलब्ध गराई जन्मदर्ता प्रमाणपत्र र कक्षा ७ को IEMIS बाट प्रिन्ट ग्रेडसिटको आधारमा तोकिएको विवरण भर्न लगाई हालसालै खिचिएको फोटो टाँसी प्रधानाध्यापकले प्रमाणित गरेर मिति २०७९ माघ ५ गते भित्र संकलन गरी सक्नु पर्नेछ।

३. विद्यालयको IEMIS Webpage बाट Admit Card प्रिन्ट गर्ने तरिका शिक्षा, युवा तथा खेलकुद महाशाखाको फेसबुक पेज शिक्षा, युवा तथा खेलकुद महाशाखा, धनगढी उप–महानगरपालिका बाट हेर्न सकिनेछ।

४. प्रधानाध्यपकले आवेदन फाराम अनुसारको परीक्षार्थीहरुको विवरण विद्यालयको IEMIS अनुसार ठीक दुरुस्त भए नभएको एकिन गरी नभएको पाईएमा अध्यावधिक गरी अध्यावधिक पश्चात कायम भएको IEMIS Code Number अनुसारको समष्टीगत विवरण प्रिन्ट गरी उक्त विवरण, आवेदन फाराम, Admit Card, जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी र कक्षा ७ उत्तीर्ण गरेको ग्रेडसिटको प्रतिलिपि प्रमाणित गरी २०७९ माघ १२ गते कार्यालय समयभित्र शिक्षा, युवा तथा खेलकुद महाशाखामा पेश गरिसक्नु पर्नेछ।

५. संस्थागत विद्यालयहरु बुँदा नं. ४ अनुसारको विवरणका साथसाथै मिति २०७९ माघ १२ गतेभित्रै प्रति विद्यार्थी रु. ५००।– (पाँच सय) का दरले आधारभूत तहको परीक्षा (सिङ्गल) दस्तुर समेत धनगढी उप–महानगरपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैंक धनगढी शाखाको चल्ती हिसाब नम्बर आन्तरिक श्रोत खाता नं. ४१७०१००३०१०१०००२ मा रकम जम्मा गरी धनगढी उप–महानगरपालिकाको राजश्व शाखाबाट रकम जम्मा गरेको रसिद लिइ सो रसिद समेत संलग्न गर्नु पर्नेछ।

६. मिति २०७९ माघ १२ गते पश्चात आवेदन फाराम संकलन गरिने छैन। यसबाट पछि गएर कुनै विद्यालयका विद्यार्थी परीक्षा दिनबाट वञ्चित भएमा सो को जिम्मेवार विद्यालय स्वयम् हुनु पर्नेछ।